लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित
जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY
www.erupse.com साप्ताहिक

वर्ष ८, अंक २६ २०८३ साउन २९ गते शुक्रबार (Friday 14 August 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

"होटल जोमसोम प्राइड"
जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६



मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

## जलविद्युतको हब बन्दै म्याग्दी

**अमृत बास्कुने**



नेपालको जलविद्युत विकासको नक्सामा म्याग्दी जिल्ला तीव्र गतिमा एक प्रमुख 'हाइड्रो हब' का रुपमा उदाउँदै गएको छ । प्रकृतिको अनुपम वरदान पाएको यस जिल्लाका साना–ठूला नदी र खोलाहरुबाट विद्युत उत्पादन गर्ने र नयाँ सम्भाव्यता पहिल्याउने कार्यले अभूतपूर्व गति लिएको छ । २०२६ जुलाई २ तारिखमा सार्वजनिक भएको नेपाल सरकार उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तरगत विद्युत विकास विभागको अद्यावधिक प्रतिवेदन अनुसार म्याग्दीका विभिन्न नदीहरुमा उत्पादन अनुमति पाइसकेका र सर्वेक्षणका विभिन्न चरणमा रहेका आयोजनाहरुले जिल्लाको समृद्धिको ढोका ढकढक्याइरहेको मान्न सकिन्छ । जिल्लामा सञ्चालनको तयारीमा रहेका र सर्वेक्षण अनुमति पाएका कम्पनीहरु तथा तिनको अवस्थाको विस्तृत विवरण निम्न अनुसार अनुसार निर्माण तथा उत्पादनको चरणमा रहेका आयोजनाहरु मध्ये १ मेगावाटभन्दा माथिका केही प्रमुख जलविद्युत आयोजनाहरुले उत्पादन अनुमति प्राप्त गरी काम अगाडि बढाइरहेका छन् । भने अहिले केही जलविद्युत आयोजनाहरू सञ्चालनमा आएका छन् ।

म्याग्दीमा सबै भन्दा शुरूमा २०५१ सालमा अनुमती पाएर सञ्चालनमा आएको दुई मेगावाट तातोपानी साना जलविद्युत आयोजना नेपाल विद्युत प्राधिकरणको पूर्ण स्वामित्वको आयोजना थियो । अहिले पछिल्लो समय १४ मेगावाटको घारखोला जलविद्युत, ४२ मेगावाटको मिस्त्री खोला, ५ मेगावाटको घलेम्दी खोला, ३७ मेगावाटको राहुघाट मंगले र ३८ मेगावाटको निलगिरी खोला जलविद्युत आयोजनाले अहिले बिद्युत उत्पादन गरी रहेका छन् । त्यसैगरी ६ मेगावाटको रेलेखोला जलविद्युत आयोजनाले विद्युत उत्पादन गरी रहेको भए पनि अहिले भने वर्षा पछिको बाढीले क्षती पुगेकाले रोकीएको छ । त्यस्तै ७१ मेगावाट लिगिरी खोला क्यासकेट, ४८.५ मेगावाट अपर राहुघाट,२१.३ ठुलोखोला जलविद्युत आयोजनाबाट विद्युत उत्पादन भै रहेको विद्युत विकास विभागका सूचना अधिकारी बद्री कुइँकेलले जानकारी दिनुभयो ।

त्यस्तै गरी विद्युत उत्पादन गर्नका लागि निर्माण कार्य थालेका मध्ये रघुगंगा गाउँपालिका अन्तरगत रहने गरी ४० मेगावाटको जलविद्यूत निर्माणका लागि राहुघाट खोलाको पानी उपयोग गर्ने गरी रघुगंगा हाइड्रोपावर लिमिटेडले यसको उत्पादन अनुमति पाएको छ ।

त्यस्तै ३७ मेगावाटको अपर म्याग्दी जलविद्युत आयोजना म्याग्दी खोलाको प्रचुर बहावलाई प्रयोग गर्न हाइड्रो एम्पायर लिमिटेडले सञ्चालन गर्दै छ । यो आयोजना म्याग्दीको मराङ, मुदी र मुना क्षेत्रमा फैलिएको छ । धौलागिरी कालिका हाइड्रो लिमिटेड प्रवर्द्धक रहेको २५ मेगावाटको दरबाङ म्याग्दी खोला जलविद्युत आयोजना म्याग्दी खोलामै निर्माण हुन लागेको यो अर्को महत्वपूर्ण आयोजना हो ।

त्यस्तै अपर म्याग्दी हाइड्रोपावर लिमिटेडले सञ्चालन गर्ने ५३.३ मेगावाटको अपर म्याग्दी–१ जलविद्युत आयोजना पनि म्याग्दी खोलाकै माथिल्लो तटीय क्षेत्रमा निर्माणाधिन अवस्थामा छ ।

एभरेष्ट एनर्जी एण्ड इन्फ्रास्ट्रक्चर फण्ड प्रालिले अनुमति पाएको १४.७ मेगावाटको मुदी खोला जलविद्युत आयोजना निर्माण गरी रहेको छ ।

त्यस्तै ५७.३ मेगावाटको म्याग्दी खोला जलविद्युत आयोजना म्याग्दी खोलाको पानीबाट उर्जा निकालनाका लागि हाइड्रो भिलेज लिमिटेडले उत्पादन अनुमति सुरक्षित गरेको छ । अर्को हो चिमखोला क्षेत्रमा बागर खोलाको पानी उपयोग गरी ५.५ मेगावाटको बागर खोला जलविद्युत आयोजना मोना हाइड्रोपावर लिमिटेडले अनुमति प्राप्त गरेको छ । २० मेगावाट कुनवान खोला जलविद्युत आयोजना मुदी क्षेत्रमै पर्ने कुनवान खोलाबाट विद्युत उत्पादनका लागि सुस्मित इनर्जी प्रालिले अनुमति पाएको छ । उर्जा उद्यमी सुशील पोखरेलले नेतृत्व गरेर म्याग्दीमा तीन वटा जलविद्युत आयोजनाहरू निर्माणको क्रममा रहेका छन् ।

त्यसैगरी धार्मिक रूपमा पवित्र मानिने कालीगण्डकी नदिको पानी प्रयोग गरेर १८० मेगावाटको कालीगण्डकी गर्ज जलविद्युत आयोजनाले कालीगण्डकी नदीको विशाल प्रवाहलाई समेट्दै कालीगण्डकी गर्ज हाइड्रोपावर प्रालिको मेगा प्रोजेक्टको अनुमति पाएको छ । ५३.५३८ मेगावाट मिडिल कालीगण्डकी जलविद्युत आयोजना कालीगण्डकी नदीमै हाइड्रो सपोर्ट प्रालिले उत्पादन अनुमति प्राप्त गरेको छ । ५८ मेगावाटको तिप्ल्याङ कालीगण्डकी जलविद्युत आयोजनाका लागि कालीगण्डकी हाइड्रोपावर प्रालिले अनुमति पाएको छ ।

४ मेगावाटको रूप्से खोला जलविद्युत आयोजना निर्माणको अनुमती रिसर्च एण्ड डेभलपमेन्ट ग्रुपले पाएको भए पनि पर्यटकीय रूपमा निकै आकर्षक देखिने रूप्से झरनाको सौन्दर्य नासिने भन्दै स्थानीयले बिरोध गरेका छन् ।

म्याग्दी जिल्ला भित्र मात्रै साना–ठूला गरी दर्जनौं आयोजनाहरुले उत्पादन अनुमति पाउनु र बाँकी पाँचौं पृष्ठमा

लाईट स्टार ब्युटी पार्लर
डल हाउस एण्ड ट्रेनिङ सेन्टर
न्यूरोड, बेनी बजार म्याग्दी प्रो. मैनादेवि राई(सोनिया) ९८६४२७४१७०

हाम्रो सेवाहरू:
- आधुनिक फेसियल तथा स्किन केयर
- हेयर कटिङ एण्ड ब्लो ड्रायर सेटिङ, हेयर स्टाइल र कलरिङ
- ब्राइडल मेकअप (विशेष अफर सहित)
- मैनिक्योर, पेडिक्योर
- प्रोफेशनल ब्यूटी ट्रेनिङ क्लासहरू
- वाटर प्रूफ मेकअप, माइक्रो ब्लेडीङ, माइक्रो सेडीङ,
- आइलाइसेस एक्सटेन्सन, नेल्स
- ल्यासेज एक्सटेन्सन, नेल जेल एक्सटेन्सन

किन रोज्ने हामीलाई?
- अनुभवी र मैत्रीपूर्ण स्टाफ
- गुणस्तरीय प्रोडक्ट प्रयोग
- आरामदायी वातावरण
- उचित मूल्य



विशेष छुट सहित विशेष कक्षाहरु सञ्चालन हुदैछन् । आफ्नो क्षमता विकास गर्ने मौकाको फाइदा लिनुहोस ।

सीप सिकेर आत्मनिर्भर बनौं
हामी सँग अनुभवी प्रशिक्षकबाट प्राक्टीकल सहितको तालिम लिनुहोस र आफ्नो करियर सुरु गर्नुहोस ।

महिला उद्यमीद्वारा हस्त निर्मित डल, कुशन, झुला, झुमरहरू पाइन्छ ।

नेशनल ड्रग सेन्टर
पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चौक, बेनीमा
प्रत्येक महिनाको पहिलो शनिबार



डा. जेम महर्जन
छाला यौन तथा कुष्टरोग विशेषज्ञ
दाज, सेतो दुबी, अनुहारको चाँया, पोतो, छालाको एलर्जी, घाउ खटिरा, कपाल झर्ने, खोइरो लागेको यौन अङ्गमा घाउ खटिरा आउने जस्ता सम्पुर्ण छाला रोगका बिरामीले समयमै सम्पर्क राख्नु होला ।



डा. आकाशमणी भण्डारी
नाक कान घाँटी रोग विशेषज्ञ
बारम्बार रुघा खोकी लाग्ने, घाँटी खसखस गर्ने, टन्सिल भएका तथा पिनास भएका, नाकमा मासु पलाएका, कान पाक्ने, कान नसुन्ने, कान कराउने, टाउको दुख्ने घुमाउने जस्ता समस्या भएका बिरामीले समयमै सम्पर्क राख्नु होला ।

साथै सोही दिन कानको सुनाइ नाप्ने र नाक, कान घाँटीमा हेर्ने इन्डस्कोपी मेसिनका साथमा आउँदै हुनुहुन्छ ।

२०८३ भाद्र ६ शनिबार

९८५७६२४३५३ शम्भुराज पाण्डे
९८६७६२९४२४ अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८

- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याव (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रीम बुकिङको पनि व्यवस्था छ ।

सम्पादकीय

## आफ्नै माटोमा अवसर

नेपालमा रोजगारीको अभाव र सीमित अवसरका कारण युवाहरु विदेशिनु आजको यथार्थ हो । गाउँमा भविष्य नदेखेर परदेश जाने युवाको संख्या ठूलो छ । तर विदेशमा वर्षौं पसिना बगाएर फर्किएपछि आफ्नै गाउँमा अवसर सिर्जना गर्न सकिन्छ भन्ने उदाहरण कमै देखिन्छन् । मालिका गाउँपालिका–१, निस्कोटका गंगाराम पौडेलको यात्रा यही सम्भावनाको एउटा प्रेरणादायी उदाहरण हो । २०५८ सालमा रोजगारीका लागि मलेसिया पुगेका गंगारामले त्यसपछि बहराइन, कतार, संयुक्त अरब इमिरेट्स र ओमानमा गरी करिब दुई दशक बिताए । परदेशमा कमाइ भयो, तर परिवारबाट टाढाको पीडा पनि सँगसँगै रह्यो । छोराछोरी हुर्किँदै गर्दा उनी हजारौं किलोमिटर टाढा थिए । अन्ततः पैसा मात्र जीवनको सफलता होइन भन्ने अनुभूति भएपछि २०७७ सालमा उनी स्थायी रुपमा नेपाल फर्किए ।

नेपाल फर्किएपछि फेरि विदेश जाने बाटो रोज्नुको सट्टा उनले आफ्नै गाउँमा सम्भावना खोजे । तत्कालीन वडा अध्यक्ष सन्तोष सुवेदीको हौसला र उनका लागि आवश्यक परेको समयमा मिलेको सहकारीमार्फत प्राप्त सहयोगले उनको आत्मविश्वासलाई निकै माथि सम्म बढायो । त्यसपछि २०७८ सालमा दरवाङ बजारमा ‘ प्रकृति मोटर पार्ट्स तथा वर्कसप’ सुरू गरे । आज उक्त व्यवसायले परिवारका सदस्यसहित सात जनालाई रोजगारी दिएको छ । गंगारामको कथा विदेश जानु हुँदैन भन्ने सन्देश होइन । विदेशले उनलाई मेहनत, अनुशासन, समयको मूल्य र बचतको महत्व सिकायो । महत्वपूर्ण कुरा उनले विदेशमा सिकेको सीप र कमाइलाई आफ्नै माटोमा लगानी गरे ।

यस्ता उदाहरणले स्थानीय तहलाई पनि सोच्न बाध्य बनाउँछन् । गाउँमै रोजगारी र उद्यमशीलताको वातावरण बनाउन सके विदेशिने बाध्यता केही हदसम्म घटाउन सकिन्छ । फर्किएका युवाको सीप, पूँजी र अनुभवलाई उत्पादनसँग जोड्न स्थानीय सरकारले सहजीकरण गर्नुपर्छ । गंगारामको यात्राले एउटा स्पष्ट सन्देश दिन्छ–विदेशले कमाइ दिन सक्छ, तर आफ्नै माटोले पहिचान दिन्छ । अवसर सधैं बाहिर मात्र हुँदैनह्य त्यसलाई देख्ने दृष्टि र सिर्जना गर्ने साहस चाहिन्छ । अहिलेको अवस्थामा पनि विदेश जानै पर्छ भन्ने मान्यतालाई हटाउँदै स्थानीय स्तरमै स्वरोजगार कसरी बनाउने भन्ने तर्फ पनि हामीले ध्यान दिएको खण्डमा उचित हुने देखिन्छ ।

# तपस्याको कथा, हिमालको सौन्दर्य र सेवाको संकल्प भेटिन्छ

कहिलेकाहीं कुनै ठाउँको परिचय त्यहाँ बनेका ठूला भवनले दिँदैनन् । सडकले दिँदैन । न त पर्यटकको भीडले नै दिन्छ । कुनै ठाउँको वास्तविक परिचय त्यस माटोमा बसेका मानिस, उनीहरुले गरेको साधना, त्यहाँ जोडिएका विश्वास र पुस्तौंदेखि सुनाइँदै आएका कथाले दिन्छ । म्याग्दीको मालिका गाउँपालिका–७, बिममा रहेको प्रभुचेला धुरी यस्तै एउटा ठाउँ हो ।

शान्त छ । गहिरो आस्था छ । प्रकृतिसँग निकै नजिक छ । वरिपरि हेर्दा हरियालीका पहाड छन् । मौसम खुलेका बेला धौलागिरि हिमशृङ्खला आँखैअगाडि उभिएको अनुभूति हुन्छ । वनभित्र पाइने विभिन्न वनस्पति र जडीबुटीको सुगन्धले वातावरणलाई थप प्राकृतिक बनाइदिन्छ । कतै रातो गुराँस फुलेको देखिन्छ, कतै सेतो गुराँस । चिसो हावा चलिरहेको हुन्छ । चराचुरूङ्गीको आवाज सुनिन्छ । अनि त्यही शान्त वातावरणमा बसेर केही बेर आँखा चिम्लिँदा बाहिरी संसारको कोलाहल बिस्तारै हराउँदै जान्छ । तर प्रभुचेला धुरीको महत्व यतिमै सीमित छैन ।

यो त्यो भूमि हो, जहाँ महान तपस्वी स्वर्गद्वारी महाप्रभुका शिष्य कपिलानन्द गिरीले आजभन्दा करिब एक सय १३ वर्षअघि, विसं १९७० सालतिर तपस्या गरेको विश्वास र ऐतिहासिक प्रमाण जोडिएको छ । सन्त पुरूषले साधना गरेको भूमि आफैंमा तीर्थ बन्छ भन्ने आध्यात्मिक मान्यताअनुसार प्रभुचेला धुरीको महत्व झन् गहिरो देखिन्छ ।

लामो समयसम्म ओझेलमा रहेको यो तपोभूमि अहिले विस्तारै आफ्नो परिचय खोज्दैछ । यही स्थानमा प्रसिद्ध आयुर्वेदविज्ञ डा.विपी तिमिल्सिनाको व्यक्तिगत रूपमा झण्डै ५० लाख रूपियाँको लागतमा पाथीभरा माताको मन्दिर स्थापना भएको छ । साधना र ध्यानका लागि संरचना बनेका छन् । धार्मिक तथा आध्यात्मिक गतिविधि सुरू भएका छन् । सबैभन्दा महत्वपूर्ण कुरा, यो ठाउँलाई केवल पूजा गर्ने स्थलका रुपमा होइन, मानव कल्याण, शिक्षा, आध्यात्मिक जागरण र ग्रामीण पर्यटनसँग जोड्ने प्रयास भइरहेको छ । त्यसैले प्रभुचेला धुरी केवल धार्मिक आस्थाको गन्तव्य होइन । यो प्रकृतिलाई महसुस गर्ने, इतिहासलाई बुझ्ने, केही समय आफैंभित्र फर्कने र गाउँको सम्भावनालाई नजिकबाट नियाल्ने ठाउँ पनि हो ।

मालिका गाउँपालिकाले पहिचान गरेका ३५ पर्यटकीय गन्तव्यमध्ये प्रभुचेला धुरी पनि एक महत्वपूर्ण गन्तव्य हो । यी ३५ गन्तव्यको सूचीमा पर्नु यसको धार्मिक तथा प्राकृतिक महत्वको औपचारिक पहिचान पनि हो । अब यसलाई स्थानीय मात्र होइन, बाहिरका पर्यटक र तीर्थयात्रीको गन्तव्य बनाउने चुनौती र अवसर दुवै अगाडि आएको छ ।

**गुमनाम तपोभूमिबाट परिचित गन्तव्यसम्म** : प्रभुचेला धुरीको कथा आजको होइन । एक शताब्दीअघि कपिलानन्द गिरीले यहाँ साधना गरेको भनिए पनि लामो समयसम्म यस ठाउँबारे सीमित मानिसलाई मात्र जानकारी थियो । गाउँका अग्रजहरुले यहाँ कुनै जोगी बसेर तपस्या गरेको कुरा सुनाउँथे । तर त्यो कथा पुस्तान्तरण हुँदै जाँदा पनि यसको ऐतिहासिक महत्व व्यापक रुपमा बाहिर आउन सकेन । त्यसैले धुरी थियो, कथा थियो, विश्वास थियो, तर परिचय गुमनामजस्तै थियो ।

समयक्रममा योग र आध्यात्मिक चिन्तनमा लागेका योगगुरू नवीन जुग्जालीको हातमा एउटा पत्रिका पर्‍यो । त्यसमा स्वर्गद्वारी महाप्रभुका विभिन्न शिष्यहरुले कहाँ–कहाँ साधना गरेका थिए भन्ने विवरण उल्लेख गरिएको थियो । पढ्दै जाँदा उनको नजर ‘प्रभुचेला धुरी’ भन्ने नाममा पुग्यो । त्यो एउटा सामान्य शब्द थिएन ।

त्यही नामले उनको मनमा प्रश्न जन्मायो– आफ्नै जन्मभूमिको माथिल्लो क्षेत्रमा उल्लेख गरिएको प्रभुचेला धुरी यही त होइन ? बाल्यकालदेखि अग्रजहरुबाट सुन्दै आएको जोगी बसेको ठाउँ र पत्रिकामा उल्लेख भएको प्रभुचेला धुरीबीचको सम्बन्ध खोज्ने जिज्ञासा बढ्दै गयो । अन्ततः उनले त्यस ठाउँमा पुगेर अध्ययन गरे । स्वर्गद्वारी पुगेर त्यहाँका गुरूहरुसँग पनि जानकारी आदानप्रदान गरे ।

अनुसन्धान र खोजपछि कपिलानन्द गिरीले प्रभुचेला धुरीमा साधना गरेको तथ्य पुष्टि हुने आधार भेटिएपछि यो ठाउँलाई संरक्षण र विकास गर्ने सोचले गति लियो ।

कुनै ठाउँको इतिहास कहिलेकाहीं पुस्तकमा भेटिन्छ । कुनै ठाउँको इतिहास पुरानो भग्नावशेषमा भेटिन्छ । तर प्रभुचेला धुरीको इतिहास मानिसको विश्वास, साधना र स्थानीय स्मृतिमा बाँचेको थियो । त्यसलाई खोजेर बाहिर ल्याउने काम आफैंमा एउटा महत्वपूर्ण प्रयास बन्यो ।

**एउटा सपनाले देखाएको बाटो** : योगगुरू नवीन जुग्जालीको जीवनमा योग केवल शारीरिक अभ्यास रहेन । विसं २०५७ सालतिर योग सिक्न थालेपछि उनले आफ्नो स्वास्थ्य र मानसिक शान्तिमा आएको परिवर्तनलाई नजिकबाट अनुभव गरे । योगले मानिसको शरीर मात्र होइन, सोच र जीवनशैलीलाई समेत बदल्न सक्छ भन्ने अनुभव भएपछि उनको रूचि अझ गहिरिँदै गयो । त्यसपछि उनको यात्रा व्यक्तिगत स्वास्थ्यबाट सामूहिक कल्याणतर्फ मोडियो ।

‘आफू मात्र स्वस्थ र शान्त भएर पुग्दैन, अरुलाई पनि सत्य र शान्तिको बाटोमा लैजानुपर्छ’ भन्ने भावना विकसित भयो । यही भावनाले उनलाई योग सिकाउने, मानिसलाई सकारात्मक जीवनशैलीतर्फ प्रेरित गर्ने र मानव कल्याणका काममा लाग्ने ऊर्जा दियो ।

प्रभुचेला धुरीको इतिहास थाहा पाएपछि उनको मनमा अर्को सपना जन्मियो । किन यो ठाउँलाई साधना केन्द्र नबनाउने?

किन यहाँ मानिसहरु आएर केही दिन संसारको दौडधुपबाट टाढा बसेर आफूलाई बुझ्ने अवसर नपाउने ? किन नेपालजस्तो ऋषि, मुनि, योगी र सन्तहरुको भूमि फेरि आध्यात्मिक साधनाको केन्द्र बन्न नसक्ने ? यी प्रश्नहरु विस्तारै संकल्पमा परिणत भए । त्यसपछि मन्दिर, हवन कुण्ड, साधना हल र साधकका लागि आवासीय संरचना निर्माणको काम सुरू भयो । सपना देख्न सजिलो हुन्छ । त्यसलाई माटोमा उतार्न कठिन हुन्छ ।

संरचना निर्माणका क्रममा अनेक चुनौती आए । आर्थिक स्रोत जुटाउनेदेखि भौगोलिक कठिनाइसम्मका समस्या थिए । तर ती चुनौतीलाई नै साधनाको एउटा भाग मानेर काम अघि बढाइयो । स्थानीय शुभेच्छुक, मालिका गाउँपालिका तथा केन्द्र सरकारको सहयोगसमेत जोडिँदै गएपछि आज यहाँ करिब ४० जना साधकले सामूहिक रुपमा साधना गर्न सक्ने हल, हवन कुण्ड, मन्दिरलगायतका संरचना तयार भएका छन् ।




**ढुङ्गाको छानोमुनि ध्यानको संसार** : प्रभुचेला धुरी पुगेपछि सबैभन्दा पहिले प्रकृतिले आकर्षित गर्छ । त्यसपछि त्यहाँ निर्माण गरिएको साधना हलले ध्यान खिच्छ । पिरामिड शैलीमा निर्माण गरिएको हलमा स्थानीय ढुङ्गाको छानो प्रयोग गरिएको छ । आधुनिक निर्माण शैलीको प्रभाव देखिए पनि स्थानीय सामग्री र मौलिकताको प्रयोगले यसलाई आफ्नै किसिमको पहिचान दिएको छ ।

त्यहाँ बसेर बाहिर हेर्दा हिमाल देखिन्छ । आँखा बन्द गर्दा शान्ति महसुस हुन्छ । अनि केही समय ध्यानमा बस्दा प्रकृतिको आवाज नै संगीतजस्तो लाग्न सक्छ । शहरमा बस्ने मानिसका लागि यस्तो अनुभव आफैंमा एउटा यात्रा हो ।

दिनभर मोबाइलको स्क्रिनमा झुन्डिएको मानिस केही समय नेटवर्कको खोजी नगरी बस्न सक्छ । कार्यालयको तनाव बोकेर हिँडेको व्यक्ति केही समय आफूलाई सुन्न सक्छ । निरन्तर दौडिरहेको जीवनबाट केही क्षण विश्राम लिन चाहने मानिसका लागि प्रभुचेला धुरी एउटा सम्भावित आध्यात्मिक आश्रय बन्न सक्छ । यही कारणले पनि यो ठाउँ धार्मिक पर्यटक मात्र होइन, प्रकृति र शान्ति खोज्ने पर्यटकका लागि पनि आकर्षक बन्न सक्छ ।

पाथीभरा माताको


बाँकी पाँचौं पृष्ठमा




## मालिका गाउँपालिकाका पर्यटकीय गन्तव्यहरु

### वडा नं. १

- सिद्ध बराह ताल
- स्लेट खानी
- स्याल/भालु गुफा
- मह शिकार


- सिद्ध बराह ताल

### वडा नं. २

- स्लेट खानी
- दुर लेक
- स्टोन भिलेज
- घोडे नाच


- दुर लेक


### वडा नं. ३

- शोले डाँडा
- तामा खानी
- किटेनी
- दुरलेक


- डाँडा गाउँ

### वडा नं. ४

- शोले धुरी
- तामा खानी
- मह शिकार
- शोरठी तथा पुर्ख्यौंली नाच
- दहको ताल


तामा खानी क्षेत्र


### वडा नं. ५

- मालिका धुरी
- देउता भिर गुफा
- गाइ खर्क
- हकलाङ पिकनिक स्पट


- गाइ खर्क

### वडा नं. ६

- भाले बास्ने ताल
- दुखु तामाखानी
- पुर्ख्यौंली ख्याली नाच
- मह शिकार, महखानी
- मालिका धुरी
- दरवाङ भगवती मन्दिर
- दरवाङ शिवालय



- दरवाङ शिवालय

### वडा नं. ७

- प्रभुचेला धुरी, पाथीभरा मन्दिर
- किसानी मावि प्राविधिक शिक्षालय
- मालिका मन्दिर
- बाङ्न्दोफाँट बराहताल


- प्रभुचेला धुरी, पाथीभरा मन्दिर

प्रकृति, संस्कृति, इतिहास र आस्थाको संगम
**मालिका गाउँपालिका**
आउनुहोस, घुम्नुहोस, अनुभव गर्नुहोस !

SANIMA RELIANCE LIFE INSURANCE
खुलेर जिऔं
बेनी उप-शाखा

# बालबिबाह र यौन दुर्व्यवहार बिरुद्ध सचेतना







विद्यालय तहमा अध्ययनरत बालबालिकाहरूलाई बालबिबाह, बाल यौन दुर्व्यवहार र यस सम्बन्धमा कानुनी ब्यवस्थाहरूका बारेमा सचेतना गराइएको छ ।

अनौपचारीक क्षेत्र सेवा केन्द्र(इन्सेक) गण्डकी प्रदेश कार्यालयको आयोजनामा पश्चिम म्याग्दीको केबी एकेडेमी एण्ड बोर्डीङ स्कुलका कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरूलाई बाल बिबाह, बाल यौन दुर्व्यवहार र यस सम्बन्धमा कानुनी ब्यवस्थाहरूका बारेमा सचेतना गराइएको हो ।

इन्सेक प्रतिनिधि अमृत प्रसाद पौडेलले सञ्चालन गरेको कार्यक्रममा इलाका प्रहरी कार्यालय दरवाङका प्रमुख इन्सपेक्टर रबिन्द्र कार्कीले सहजीकरण गरेका थिए । उनले बाल विवाहले बालबालिकामा पार्ने असरहरू तथा मुलुकी अपराध संहिता ऐन २०७४ अनुसार बालबबिाह गर्दा हुने कानुनी सजायको बारेमा जानकारी गराएका थिए । २० वर्ष भन्दा कम उमेरमा विवाह गर्नु कानुनी रूपमा बन्देज लगाइएको बताउँदै उहाँले बालबालिका सम्बन्धी ऐन २०७५ को उपदफा ६६(२)(ण) अनुसार बालबालिका सँग विवाह गर्नु गराउनु बालिबालिका बिरूद्धको कसुर मानेका छ र दफा ६७ अनुसार त्यस्तो कसुर गरेको ठहरेका ब्यक्तिहरूले १० वर्ष सम्म बालबालिका सम्बन्धी सार्वजनिक तथा निजि क्षेत्रमा काम गर्न मनोनित हुन वा निर्वाचित हुन नपाउने ब्यवस्था भएको बताएका थिए ।

कार्यक्रममा नेपाल कानुन अनुसार १० वर्ष मुनिका बालबालिकालाई बलात्कार गरेमा जन्म कैद, १० देखि १४ वर्ष मुनिकालाई १८ देखि २० वर्ष, १४ देखि माथि १६ बर्ष मुनिकालाई १२ देखि १४ वर्ष कैद्य र १६ देखि १८ वर्ष मुनिका लाई बलात्कार गरेको खण्डमा १० देखि १२ वर्ष कैद सजायको ब्यवस्था गरिएको जानकारी गराइएको थियो । बालबालिकाहरूले आफूहरू यस्ता दुर्व्यवहारका घटनामा परेको थाहा पाएको मितिले ३ वर्ष भित्र उजुरी गर्न सक्ने कानुनी ब्यवस्था रहेको सहजीकरणमा बताए ।

कार्यक्रममा केबी एकेडेमी एण्ड बोर्डीङ स्कुलका प्रिन्सीपल बिमल शर्माले कार्यक्रमले बालबालिकामा पार्ने साकारात्मक प्रभावका बारेमा बोलेका थिए । उनले यस्ता कार्यक्रमहरूले बालबालिकाको मनोविज्ञानलाई मजबुत बनाउने र उनीहरू हिंसाका घटनाहरूबाट जोगिने र यदि परिहालेको खण्डमा पनि उचित कानुनी उपचारमा पुग्नका लागि कार्यक्रमले मद्दत गरेको बताए ।

यसैबीच सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स बेनी शाखा प्रमुख मुक्ती पौडेलले बिमाको बारेमा बालबालिकालाई जानकारी गराएका थिए । राष्टिय बिमा संस्थानले आगामी शैक्षिकसत्र देखि विद्यालय स्तरको पाठ्यपुस्तकमा पनि विमा विषय समेट्न लागेको हुनाले यसबारमो जानकारी गराउनु आवश्यक रहेको आफूले समय लिएर बिमाको जानकारी गराएको बताए । बिमा किन गर्ने र के हुन सक्छ भन्ने विषयमा सामान्य जानकारी उनले गराएको बिद्यायलका प्रिन्सिपल शर्माले जानकारी दिए ।

# साप्ताहिक राशीफल

## मिति :- २०८३।०४।२९ देखि २०८३।०५।०४




**मेष** - Aries **चु, चे, चो, ला, लि, लु, ले, लो, अ**
प्रारम्भमा रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। नयाँ उद्योग वा विशेष काम सुरू गर्ने अवसर जुट्नेछ। आर्थिक समस्या देखिए पनि भौतिक साधनहरु जुटाउन सकिनेछ। मंगलवारदेखि पारिवारिक असमझदारीले केही समस्या निम्त्याउन सक्छ। आफन्तजनमै ईर्ष्यालु मनोवृत्ति बढ्न सक्छ। स्वास्थ्य कमजोर रहनाले अध्ययनमा समेत ध्यान दिन नसकिएला। आँट गर्न नसक्दा काममा पछि परिनेछ। सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ भने बुद्धिले लक्ष्यमा पुर्याउनेछ। पहिलेका कमजोरीमा पनि सुधार हुनेछ।

**वृष** - Taurus **इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**
सुरूमा आलोचकहरुले बाधा पुर्याउन सक्छन्। स्वास्थ्य कमजोर रहनेछ भने अध्ययनमा त्यति समय दिन नसकिएला। शुभचिन्तकहरु टाढा हुनाले पनि दुःख पाइनेछ। मंगलवारदेखि सहयोगीले साथ दिनेछन्। विशेष अवसर प्राप्त हुनाले दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ। पुरूषार्थ देखाएर लाभ उठाउने समय छ। बिहीवारदेखि पारिवारिक समस्याले सताउन सक्छ। आफन्तको सहमति नजुट्नाले काम रोकिन सक्छ। तापनि, सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ र काममा सुधारका संकेत देखापर्नेछन्।

**मिथुन** - Gemini **का, कि, कु, घ, ङ, छ, के, को, हा**
पारिवारिक भेटघाटले रमाइलो माहोल रहनेछ। तर अस्वस्थताका बाबजुद काममा ध्यान दिनुपर्ने समय छ। केही चुनौती सुल्झाएर मात्र अघि बढ्न सकिनेछ। लगनशीलताले स्थितिमा सुधार भने आउनेछ। मिहिनेतले प्रतिष्ठा दिलाउनेछ। सुखदुःखमा साथ दिनेहरु प्रशस्तै फेला पर्नेछन्। कामका बाधाहरु हट्नेछन्। आर्थिक पक्ष सबल बन्नाले भौतिक साधन जुटाउन सफल भइनेछ। बिहीवारदेखि सहयोगीहरुले हात झिक्नाले काम अधुरो रहनेछ। विगतका कमजोरी बाहिरिनाले समस्यामा परिने सम्भावना छ।

**कर्कट** - Cancer **हि, हु, हे, हो, डा, डि, डु, डे, डो**
प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। टाढा बस्ने आफन्तसँगको सम्पर्कले मनमा आनन्द मिल्नेछ। विभिन्न कामका अवसर प्राप्त भए पनि स्वास्थ्यका लागि खानपानमा सजग रहनुपर्ला। साताको उत्तरार्ध भने फलदायी रहनेछ। रोकिएका धेरै काम सम्पादन हुनेछन्। नयाँ कामको जिम्मेवारी सम्हाल्नुपर्ला। सप्ताहान्तमा विशेष उपहारका साथै धनलाभ हुने सम्भावना छ। स्रोत–साधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुने देखिन्छ। आयस्रोत सबल बन्नेछ।

**सिंह** - Leo **मा, मि, मु, मे, मो, टा, टि, टु, टे**
प्रारम्भमा विशेष अवसर जुट्नुका साथै मनग्य आम्दानी हातलागी हुनेछ। पछिसम्म फाइदा हुने काम प्रारम्भ हुन सक्छ। मंगलवार र बुधवार भने अनियन्त्रित खर्च पनि हुनेछ। परिस्थितिवश अर्थ अभाव देखा पर्नाले चिताएको काममा बाधा पुग्नेछ। तर टाढाका साथीसँग सम्बन्ध विस्तार गर्न सकिनेछ। बिहीवारदेखि स्थितिमा सुधार आउनाले प्रतिष्ठित कामको अवसर प्राप्त हुनेछ। विशिष्ट ब्यक्तिहरुसँग निकटता बढ्न सक्छ। रमाइलो जमघटमा सहभागी भइनेछ। अर्थलाभ हुनाले भौतिक साधन जुटाउन सकिनेछ।

**कन्या** - Virgo **टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**
प्रारम्भमा एकपछि अर्को अवसर आउनाले काममा ब्यस्तता बढ्नेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। पदासीन ब्यक्तिसँग निकटता बढ्नेछ। आफन्त र साथीभाइबाट काममा सहयोग मिल्नेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। आम्दानीका स्रोतहरु बढ्नेछन् भने मनग्य धन संग्रह हुनेछ। बिहीवारपछि फजुल खर्च एवं आर्थहानि हुने सम्भावना छ। समयमा होसियार नबन्दा मालमत्ता हराउने र काममा बाधा पुग्ने देखिन्छ। यात्रा केही कष्टपूर्ण हुनेछ। सप्ताहान्तमा भने स्थितिमा सुधार आउनेछ।

**तुला** - Libra **रा, रि, रू, रे, रो, ता, ति, तु, ते**
सुरूमा केही चुनौतीसँग जुध्नुपर्ला। अवसरवादीहरुले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। काम बिग्रने चिन्ताले सताए पनि मंगलवारदेखि स्थितिमा सुधार आउनेछ। आँटले काम लिन सकिनेछ। कामको सन्दर्भमा विशिष्ट ब्यक्तिहरु समेत नजिकिनेछन्। राजनीतिक र सामाजिक प्रभाव बढ्नेछ। ब्यापार बढ्नेछ। पेसा–ब्यवसायमा मनग्य फाइदा उठाउन सकिनेछ। नाम, दाम र इनाम हातपार्ने समय छ। दिगो कामसमेत सुरू गर्ने मौका छ। आयस्रोत थपिनुका साथै सप्ताहान्तमा लाभांश पनि बढ्नेछ।

**बृश्चिक** - Scorpio **तो, ना, नि, नु, ने, नो, या, यि, यु**
प्रारम्भमा अवसरका लागि चुनौतीसँग लड्नुपर्ला। अस्वस्थताबीच कामको बोझ थपिन सक्छ। नियमित काममा बाधा पुग्नेछ। ईर्ष्या गर्नेहरु बढ्नेछन् भने काम गरेर पनि जस नपाइने समय छ। अरुका लागि रकम र समय खर्चनुपर्ला। बिहीवारदेखि स्थितिमा सुधार आउनाले केही समस्या समाधान हुनेछन्। मिहिनेत गर्दा काममा आंशिक सफलता मिल्नेछ र सामान्य फाइदा उठाउन सकिनेछ। सप्ताहान्तमा विश्वासपात्रबाट भने धोका पाइने सम्भावना छ, स्वार्थका लागि साइनो गाँस्नेहरुबाट सावधान रहनुहोला।

**धनु** - Sagittarius **ये, यो, भा, भि, भु, धा, फा, ढा, भे**
प्रियजनसँगको भेटघाटले सुरूआत रमाइलो रहने देखिन्छ। रमाइलो यात्राका बीच आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। पेसा–ब्यवसायमा पनि फाइदा हुनेछ। मंगलवारदेखि स्वास्थ्यमा कमजोरी, काममा बाधा, अधिक खर्च, नोक्सानी जस्ता समस्या देखापर्नेछन्। केही अप्ठ्यारो परिस्थितिसँग सम्झौता गर्नुपर्ला। तापनि सप्ताहान्तमा स्थितिमा सुधार आउनेछ। स्वास्थ्य कमजोर रहे पनि मिहिनेत गर्दा सफलताको सूत्र पत्ता लगाउन सकिनेछ। समस्या दर्साउँदा सहयोगीहरु जुट्नेछन् र काममा आंशिक सफलता मिल्नेछ।

**मकर** - Capricorn **भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि**
सुरूमा आँटले काम बन्नेछन्। मिहिनेत परे पनि पुरूषार्थी काम बन्नाले जोश–जाँगर बढ्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। ब्यापार बढ्नेछ र पेसा–ब्यवसायमा बुधवारसम्म मनग्य फाइदा हुनेछ। रमाइलो यात्रा एवं भेटघाट समेत हुनेछ। तर, मंगलवारदेखि पारिवारिक माहोल भने असन्तुलित बन्न सक्छ। अरुको कुरा सुन्दा परिवारमा फाटो आउनेछ भने दाम्पत्यमा पनि असमझदारी बढ्ने सम्भावना छ, सजग रहनुहोला। सप्ताहान्तमा अभाव, अस्वस्थता र संघर्षमय परिस्थिति सामना गर्नुपर्ने देखिन्छ।

**कुम्भ** - Aquarius **गु, गे, गो, सा, सि, सु, से, सो, द**
सुरूमा पेटको मौसमी गडबडीले सताउन सक्छ, खानपानमा सजग रहनुहोला।अध्ययनमा धेरै समय दिन नसकिए पनि लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउन सक्छ। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ। मिहिनेतले आम्दानीको दिगो स्रोत जुट्न सक्छ। प्रतिभाद्वारा धेरैलाई उछिन्न सकिनेछ। आँटले काम लिन सकिनेछ। ब्यापार र उद्योगमा फाइदा हुनेछ। ब्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको गाँठो कसिने सम्भावना छ। सप्ताहान्तमा विशेष लाभ हुने ग्रहयोग छ।

**मीन** - Pisces **दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**
प्रारम्भमा घरेलु कामकाजमा अलमलिनुपर्ला। ब्यर्थैमा आफन्तसँग असमझदारी बढ्नेछ भने साथीभाइ टाढा हुनेछन्। खानपानको असावधानीले स्वास्थ्य बिग्रन सक्छ। अध्ययनमा धेरै समय दिन नसकिएला। तापनि मंगलवारदेखि स्थिति अनुकूल बन्नाले कामका बाधाहरु हट्नेछन्। आर्थिक पक्ष सबल बन्नाले भौतिक साधन जुटाउन सफल भइनेछ। ब्यापारमा मनग्य फाइदा हुनेछ। बिहीवारदेखि आफ्नो उपलब्धिमा अरुले दाबी गर्न सक्छन्। प्रतिस्पर्धीहरुबाट जोगिएर काम गर्नुहोला। खर्च बढ्नेछ, सजग रहनुहोला।

## तपस्याको......

**आगमन:** प्रभुचेला धुरीको धार्मिक महत्वलाई अझ फराकिलो बनाउने गरी यहाँ पाथीभरा माताको मन्दिर स्थापना भएको छ । पवित्र स्थलमा असार २५ गतेदेखि विशेष पूजा सुरु भयो । असार २६ गते प्राणप्रतिष्ठा र २७ गते वैदिक अनुष्ठान सम्पन्न भएपछि मन्दिरमा नियमित पूजापाठ सुरु गरिएको हो । मन्दिरमा स्थापना गरिएको पाथीभरा माताको मूर्ति पूर्वी नेपालको ताप्लेजुङमा रहेको प्रसिद्ध पाथीभरा मन्दिरकै स्वरुपमा निर्माण गरिएको छ । आयोजकका अनुसार मूर्ति एक स्थानबाट अर्को स्थानमा सारिएको नभई वैदिक विधिबाट आह्वान गरी प्राणप्रतिष्ठा गरिएको हो । पश्चिम नेपालबाट ताप्लेजुङ पुग्न लामो समय, खर्च र कठिन यात्रा आवश्यक पर्छ । त्यसैले पूर्वी नेपाल पुग्न नसक्ने भक्तजनलाई स्थानीयस्तरमै पाथीभरा माताको दर्शन र पूजा गर्ने अवसर उपलब्ध गराउने उद्देश्यले यो मन्दिर स्थापना गरिएको हो । यसले प्रभुचेला धुरीको धार्मिक आकर्षण थप बढाएको छ । तर मन्दिर स्थापनाको सबैभन्दा सुन्दर पक्ष यसको सामाजिक उद्देश्यमा छ ।

**जब भेटी शिक्षाको उज्यालो बन्छ :** मन्दिरमा भक्तजनले चढाएको भेटी सामान्यतः पूजा, मन्दिरको संरक्षण र धार्मिक गतिविधिमा खर्च हुने गर्छ । तर प्रभुचेला धुरीमा एउटा फरक अभ्यास सुरु गरिएको छ । यहाँ संकलन हुने कुल भेटीमध्ये ५० प्रतिशत रकम स्थानीय विपन्न बालबालिकाको शिक्षामा खर्च गर्ने घोषणा गरिएको छ । बाँकी ५० प्रतिशत मन्दिर संरक्षण, पूर्वाधार विकास तथा धार्मिक गतिविधिमा प्रयोग गरिनेछ । धर्म र समाजसेवालाई जोड्ने यो निर्णयले मन्दिरको अर्थलाई अझ फराकिलो बनाइदिएको छ ।

कुनै बालबालिकाले आर्थिक अभावकै कारण विद्यालय जान नपाउने अवस्था छ भने त्यहाँ चढाइएको भेटीबाट उसको कापी-कलम जुट्न सक्छ । विद्यालयको शुल्क तिर्न नसक्ने बालबालिकाको पढाइ निरन्तर हुन सक्छ । गरिब परिवारको बच्चाले शिक्षा पाउने अवसर पाउन सक्छ । त्यस अर्थमा यहाँ चढाइएको एउटा भेटी केवल धार्मिक कर्मकाण्डमा सीमित हुँदैन । त्यो कसैको भविष्य उज्यालो बनाउने माध्यम बन्न सक्छ । सायद धर्मको सबैभन्दा सुन्दर अर्थ यही हो- आफूले पाएको शान्ति र पुण्यलाई अरुको जीवनमा उज्यालोका रुपमा बाँड्नु ।

**तातोपानीदेखि मालिका सम्मको यात्रामा नयाँ गन्तव्य :** प्रभुचेला धुरीको अर्को ठूलो सम्भावना यसको भौगोलिक अवस्थिति हो । म्याग्दी सदरमुकाम बेनीबाट दरबाङ हुँदै बिमतर्फ जाने यात्रामा पर्यटकले एकै यात्रामा धेरै प्रकारका अनुभव लिन सक्छन् । बाटोमै पर्ने प्रसिद्ध तातोपानी कुण्डले यात्रालाई अर्को आकर्षण थप्छ । प्राकृतिक रुपमा तातोपानी निस्कने यस कुण्डमा स्नान गर्दा शरीरको थकान कम हुने र विभिन्न प्रकारका स्वास्थ्य समस्यामा लाभ हुने जनविश्वास छ ।

बेनीबाट यात्रा सुरु गरेर तातोपानीमा केही समय बिताउने, दरबाङको स्थानीय जीवन र बजार हेर्ने, बिमको ग्रामीण परिवेश अनुभव गर्ने र अन्ततः प्रभुचेला धुरी पुग्ने यात्रा आफैमा एउटा सुन्दर ग्रामीण पर्यटन प्याकेज बन्न सक्छ । त्यसपछि यो क्षेत्र मालिका अर्थात् मालिका धुरीतर्फ जाने पदमार्गसँग पनि जोडिन्छ ।

मालिका दर्शनका लागि जाने तीर्थयात्री र पदयात्रीका लागि प्रभुचेला धुरी अर्को महत्वपूर्ण आध्यात्मिक गन्तव्य बन्न सक्छ । एउटा यात्रामा तातोपानीको प्राकृतिक उपचार, प्रभुचेला धुरीको आध्यात्मिक शान्ति र मालिकाको धार्मिक तथा प्राकृतिक सौन्दर्य अनुभव गर्न सकिने सम्भावना छ । यसलाई योजनाबद्ध रुपमा जोड्न सकियो भने म्याग्दीको पश्चिमी क्षेत्रमा नयाँ धार्मिक-पर्यटकीय सर्किट विकास गर्न सकिन्छ ।

**पर्यटक किन पुग्ने प्रभुचेला धुरी ? :** पर्यटकका लागि कुनै ठाउँमा पुग्ने कारण केवल 'प्रसिद्ध' हुनु मात्र होइन । कहिलेकाहीँ कुनै ठाउँमा पुग्नुको अर्थ आफूलाई केही समय भेट्नु पनि हो । प्रभुचेला धुरी त्यही अनुभव दिने ठाउँ बन्न सक्छ । धार्मिक आस्था भएका व्यक्तिका लागि यहाँ पूजा र साधना गर्ने अवसर छ । योग र ध्यानमा रुचि राख्नेका लागि शान्त वातावरण छ । प्रकृति प्रेमीका लागि हरियाली, वनस्पति र हिमशृङ्खलाको दृश्य छ । पदयात्रामा रुचि राख्नेका लागि ग्रामीण बाटो र पहाडी भूगोल छ । इतिहास र संस्कृति बुझ्न चाहनेका लागि कपिलानन्द गिरीको तपस्यासँग जोडिएको कथा छ । फोटोग्राफी गर्नेहरुका लागि हिमाल र प्राकृतिक दृश्य छन् । गाउँको जीवन बुझ्न चाहनेका लागि स्थानीय बस्ती र संस्कृति छन् । केही दिनको मानसिक विश्राम खोज्नेका लागि एकान्त छ । अनि सामाजिक सेवामा विश्वास गर्नेहरुका लागि भेटीबाट बालबालिकाको शिक्षामा सहयोग गर्ने उदाहरण छ ।

त्यसैले प्रभुचेला धुरी एउटै प्रकारको पर्यटकीय गन्तव्य होइन । यहाँ धार्मिक पर्यटन, आध्यात्मिक पर्यटन, ग्रामीण पर्यटन, प्रकृति पर्यटन र पदयात्रा पर्यटनलाई एकै ठाउँमा जोड्न सकिने सम्भावना छ ।

गाउँको बाटोले देखाउने नयाँ सम्भावना

पर्यटनको विकास भन्नाले केवल पर्यटक आउने कुरा मात्र होइन । पर्यटक आएपछि गाउँका होटल चल्छन् । स्थानीय उत्पादन बिक्री हुन्छन् । यातायात व्यवसायीले काम पाउँछन् । स्थानीय गाइडको आवश्यकता पर्छ । हस्तकलाका सामग्री बिक्री हुन सक्छन् । दूध, तरकारी, फलफूल, मह, घिउ, अचारलगायत स्थानीय उत्पादनको बजार विस्तार हुन सक्छ । त्यसैले प्रभुचेला धुरीको विकास धार्मिक संरचनाको विकास मात्र होइन, स्थानीय अर्थतन्त्रसँग पनि जोडिएको विषय हो । यसका लागि सडक पहुँच, पदमार्ग, खानेपानी, शौचालय, सरसफाइ, सूचना केन्द्र, विश्रामस्थल, आवास, स्थानीय गाइड र पर्यटकको सुरक्षाजस्ता पक्षमा क्रमशः सुधार गर्न आवश्यक छ । अहिले वर्षायाममा सडक केही कठिन भए पनि आगामी दिनमा सडक पहुँचलाई बाह्रै महिना सहज बनाउने प्रयास भइरहेको बताइएको छ । सडकसँगै पदमार्गलाई पनि व्यवस्थित गर्न सकियो भने पैदल यात्रामा रुचि राख्ने पर्यटकका लागि थप आकर्षण सिर्जना गर्न सकिन्छ ।

**३५ गन्तव्यमध्ये एउटा सम्भावनायुक्त गन्तव्य :** मालिका गाउँपालिका धार्मिक, सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक दृष्टिले सम्भावनायुक्त क्षेत्र हो । गाउँपालिकाले पहिचान गरेका ३५ पर्यटकीय गन्तव्यमा प्रभुचेला धुरी पनि समेटिएको छ । यो सूचीमा समेटिनु मात्र पर्याप्त छैन । अब प्रत्येक गन्तव्यलाई आवश्यक पूर्वाधार, प्रचारप्रसार र स्थानीय सहभागितासँग जोडेर पर्यटकीय उत्पादनका रुपमा विकास गर्नुपर्ने समय आएको छ । प्रभुचेला धुरी त्यसका लागि राम्रो उदाहरण बन्न सक्छ । यहाँ धार्मिक आस्था छ । इतिहास छ । प्राकृतिक सौन्दर्य छ । हिमालको दृश्य छ । योग र ध्यानको सम्भावना छ । पाथीभरा मन्दिर छ । मालिकातर्फ जाने मार्गसँग सम्बन्ध छ । तातोपानी कुण्डसँग जोडिने सम्भावना छ । सबैभन्दा महत्वपूर्ण कुरा, स्थानीय समुदायको सहभागिता र सामाजिक सेवाको भाव पनि जोडिएको छ ।

यी सबै पक्षलाई एउटै कथामा बाँध्न सके प्रभुचेला धुरी केवल मालिका गाउँपालिकाको ३५ गन्तव्यमध्ये एउटा नाममा सीमित रहने छैन । यो म्याग्दीको पहिचान बोकेको एउटा विशिष्ट धार्मिक-पर्यटकीय गन्तव्य बन्न सक्छ ।

**यहाँ पुग्दा केही लिएर फर्कन सकिन्छ :** प्रभुचेला धुरीबाट फर्किँदा पर्यटकले केवल फोटो र भिडियो मात्र लिएर फर्कनुपर्ने छैन । कसैले शान्ति लिएर फर्कन सक्छ । कसैले नयाँ सोच लिएर फर्कन सक्छ । कसैले कपिलानन्द गिरीको तपस्याको कथा बोकेर फर्कन सक्छ । कसैले प्रकृतिको सुन्दरता मनमा राखेर फर्कन सक्छ । कसैले पाथीभरा माताको आशीर्वाद सम्झँदै फर्कन सक्छ । अनि कसैले यहाँको भेटीबाट पढ्न पाउने कुनै बालबालिकाको भविष्य सम्झेर फर्कन सक्छ । सायद यही प्रभुचेला धुरीको सबैभन्दा ठूलो शक्ति हो ।

यहाँ धर्म केवल मन्दिरमा सीमित छैन । धर्म सेवा बनेको छ । साधना केवल आफूभित्र सीमित छैन । मानव कल्याणसँग जोडिएको छ । पर्यटन केवल घुमघाममा सीमित छैन । स्थानीय जीवन र अर्थतन्त्रसँग जोडिएको छ ।

त्यसैले प्रभुचेला धुरी पुग्नु भनेको एउटा ठाउँमा पुग्नु मात्र होइन । यो एउटा कथा भेट्नु हो । एउटा विश्वास भेट्नु हो । प्रकृतिसँग संवाद गर्नु हो । अनि सम्भवतः केही समयका लागि आफ्नै मनभित्र फर्किनु पनि हो । मालिका गाउँपालिकाको ३५ गन्तव्यमध्ये एक भएर आफ्नो परिचय बनाउँदै गरेको प्रभुचेला धुरीले अब पर्यटकलाई बोलाइरहेको छ ।

धौलागिरिको दृश्य हेर्न, वनको सुगन्ध महसुस गर्न, पाथीभरा माताको दर्शन गर्न, कपिलानन्द गिरीको तपस्याको कथा बुझ्न, ध्यान र साधनाको शान्ति अनुभव गर्न र गाउँको सरल जीवनलाई नजिकबाट नियाल्न सकिन्छ । बेनीबाट यात्रा सुरु गरेर दरबाङ हुँदै बिमतर्फ लाग्ने यात्रुले आफ्नो गन्तव्यमा एउटा थप ठाउँ अवश्य राख्न सक्छन् प्रभुचेला धुरी । किनकि कहिलेकाहीँ यात्रा नयाँ ठाउँ हेर्नका लागि मात्र हुँदैन । यात्रा आफूभित्रको थकान बिसाउन पनि हुन्छ । र प्रभुचेला धुरी त्यस्तो ठाउँ बन्न सक्छ, जहाँ पुगेर मानिसले केही क्षण प्रकृतिलाई हेर्छ, केही क्षण इतिहासलाई सम्झन्छ र केही क्षण आफ्नै जीवनलाई पनि नियाल्छ । स्वर्गद्वारी महाप्रभुका शिष्य कपिलानन्द गिरीले साधना गरेको भनिएको यही तपोभूमि आज नयाँ यात्राको प्रतीक्षामा छ । धर्म, प्रकृति, इतिहास, पर्यटन र सेवाको संगम बनिरहेको प्रभुचेला धुरीले अब म्याग्दीको पहिचानलाई अझ फराकिलो बनाउने समय आएको छ ।

यहाँ आउनुहोस् । हिमाल हेर्नुहोस् । प्रकृति महसुस गर्नुहोस् । मन्दिरमा पुगेर श्रद्धा व्यक्त गर्नुहोस् । केही समय मौन बस्नुहोस् । र फर्किंदा एउटा कुरा सम्झनुहोस् साँचो तीर्थ केवल जहाँ पुगिन्छ त्यो ठाउँ होइन, जहाँ पुगेपछि मन केही राम्रो भएर फर्किन्छ, त्यो ठाउँ पनि तीर्थ हो ।

प्रभुचेला धुरी त्यही अनुभूति दिने सम्भावना बोकेको म्याग्दीको एउटा सुन्दर तपोभूमि हो ।





## जलविद्युतको...

निर्माण तीव्र हुनुले यो जिल्लामा लगानीकर्ताका लागि सुरक्षित र आकर्षक गन्तव्य बनेको प्रमाणित गर्ने म्याग्दी उद्योग बाणिज्य संघका अध्यक्ष सुबिन श्रेष्ठले बताउनुभयो । म्याग्दी जिल्लामा धेरै जलविद्युत आयोजना निर्माण हुँदै गर्दा कम्तीमा पनि जिल्ला भरका नागरिकले आयोजना प्रभावितका रुपमा शेयर हाल्न पाउने व्यवस्था हुनु पर्ने समेत उहाँले माग गर्नुभयो ।

म्याग्दी र कालीगण्डकी करिडोरमा बन्ने यी आयोजनाहरुबाट मात्रै राष्ट्रिय ग्रिडमा ८०० मेगावाटभन्दा बढी विद्युत थपिने सुनिश्चित भइसकेको नेपाल उद्योग बाणिज्य महासंघका पूर्व उपाध्यक्ष तथा जलविद्युत प्रवर्द्धक प्रमोद श्रेष्ठको भनाई छ । उहाँका अनुसार यी आयोजनाहरुले स्थानीय स्तरमा रोजगारीको सिर्जना मात्र गरेका छैनन्, सडक, शिक्षा र स्वास्थ्य जस्ता पूर्वाधारको विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याएका छन् । जलविद्युत क्षेत्रमा भइरहेको यो क्रान्तिले म्याग्दीलाई नेपालकै अग्रणी उर्जा उत्पादन केन्द्रको रुपमा

# केबी एकेडेमीमा २२ सदस्यीय बाल क्लब गठन

म्याग्दी । केबी एकेडेमी एन्ड बोर्डिङ स्कुलमा २२ सदस्यीय बाल क्लब गठन गरिएको छ । विद्यालयमा बुधबार आयोजित कार्यक्रममा विद्यार्थीको नेतृत्व क्षमता, सिर्जनशीलता तथा सामाजिक उत्तरदायित्व विकास गर्ने उद्देश्यले बाल क्लब गठन गरिएको हो ।

गठित बाल क्लबको अध्यक्षमा रोहित रोका, उपाध्यक्षमा कृति विक, सचिवमा रविना रोका र कोषाध्यक्षमा निकिता पुर्जा चयन भएका छन् । क्लबमा विभिन्न कक्षाका विद्यार्थी सदस्य रहेका छन् ।

विद्यालयका प्रिन्सिपल विमल शर्माले बालबालिकाको नेतृत्व क्षमता र व्यक्तित्व विकासका लागि बाल क्लब महत्वपूर्ण माध्यम बन्ने बताए । विद्यालयमा अध्ययनसँगै विद्यार्थीलाई सिर्जनात्मक तथा सामाजिक गतिविधिमा सहभागी गराउँदै उनीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले क्लब गठन गरिएको उनको भनाइ छ ।

उनले नवनिर्वाचित बाल क्लबका पदाधिकारी तथा सदस्यलाई शुभकामना दिँदै आगामी दिनमा विद्यालयमा सकारात्मक र सिर्जनात्मक गतिविधि सञ्चालन गरी बाल क्लबले उत्कृष्ट उदाहरण प्रस्तुत गर्ने विश्वास व्यक्त गरे ।

बाल क्लबमार्फत विद्यार्थीले आफ्ना प्रतिभा प्रस्तुत गर्ने, विद्यालयमा हुने विभिन्न गतिविधिको नेतृत्व गर्ने तथा सामाजिक उत्तरदायित्वका काममा सहभागी हुने अवसर पाउने विद्यालयले जनाएको छ ।




## विपद्को पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**मालिका गाउँपालिकाको कार्यालय**
दरवाङ, म्याग्दी















प्रो.पुर्ण गौचन ९८५७६३०२७८

**होटल हिलभ्यू, थकाली भान्साघर**

पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।


लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी